# १ खीष्टको समयमा भएका विभिन्न विधि अर्थात वयवस्थाहरु

*यस अध्यायका मूल पदहरू:* लूका २:१-५, हिब्रू १०:२८, व्यवस्था १७:२-६, लेवी १:१-९, लूका १४:१-६ र याकूव २:८-१२।

*स्मरण गर्नुपर्ने पद:* "जो मानिस यहूदी अर्थात् इस्राएली जातिको होइन तिनीहरूमा व्यवस्था अर्थात् दश आज्ञा छैन। तर कहिलेकाहीँ परमेश्वरको व्यवस्थाले निर्धारण गरेको नीतिमा स्वतः तिनीहरू चल्दछन्। तिनीहरूको प्राकृतिक स्वभाव नै तिनीहरूको निम्ति व्यवस्था वा नीति हुन्छ। तिनीहरूमा परमेश्वरको व्यवस्था वा दश आज्ञा नै नभएतापनि तिनीहरूको विवेकले चलेको नीति नै तिनीहरूको निम्ति व्यवस्था हुन्छ।" (रोमी २:१४ रूपान्तरित)।

विभिन्न समाज, देश, संस्कृति वा धर्ममा विभिन्न ऐन, कानून, नीतिनियम वा व्यवस्थाहरू हुन्छन्। ती व्यवस्थाहरू समूहगत हितकी निम्ति समानरूपमा प्रयोग गरिएका हुन्छन्। सबैलाई प्रयोग हुने कुनै व्यवस्था वा नीति हुन्छ भने कुनै यस्ता स्थानिय नियम वा व्यवस्थाहरू हुन्छन् जुन् अरू समाजमा लागु नहुन सक्छ वा हुँदैन पनि।

दुई हजार वर्ष अघि इस्राएलमा चलनचल्तीको निम्ति लोकमान्य शब्द "व्यवस्था"लाई प्रयोग गरिन्थ्यो। त्यस शब्दलाई ग्रीक भाषामा नोमोस **(nomos)**, ल्याटिन भाषामा लेक्स (**lex**) र हिब्रु भाषामा टोराह **(Torah)** भनेर सम्बोधन गरिन्थ्यो। त्यसबेला व्यवस्था वा नीति भन्ने वित्तिक्कै त्यसबेला भएको धेरै नीति, कानून वा व्यवस्थामध्ये एक हुनसक्थ्यो। त्यसकारण जब हामी व्यवस्थाबाट भनेर जब छलफल गर्छौं तब कुन् व्यवस्था भन्ने कुरामा हामी निश्चित हुनुपर्छ। यस अध्यायमा विभिन्न व्यवस्थाको बारेमा सम्बोधन गर्नेछौं। त्यसकारण हामी व्यवस्थाको बारेमा छलफल गर्दा कुन् नीतिनियम, कानून, परमेश्वरको व्यवस्था हो कि, यहूदीहरूले तर्जुमा गरेका व्यवस्था हुन् कि भन्ने कुरामा यकिन भएर हामीले गर्ने विषयवस्तुलाई बुझौं।

तत्कालिन समाजमा खीष्टको समयमा र सुरूको चर्चमा प्रयोग गरेका विभिन्न व्यवस्था नीतिनियमहरूको बारेमा बुझाउन यस अध्याय

केन्द्रित भएको छ। ती विभिन्न नीतिनियम वा व्यवस्थाहरूलाई नियालेर हेर्नुको उद्देष्य परमेश्वरको नैतिक व्यवस्था वा दश आज्ञाको बारेमा राम्रोसँग बुझाउन खोज्नु हो।

## १. तत्कालिन रोमी साम्राज्यमा चलेका रोमी व्यवस्था (लूका २:१-५)

आफूहरू विदेशी रोमीहरूको शासनमा रहेका हुनाले तिनीहरूको कानून वा आदेशलाई मान्न युशूफ र मरियमले आपत्ती जनाएका थिएनन्। तिनीहरू परमेश्वरका भक्तहरू पनि थिए र उहाँका विधिहरू पनि पालन गर्दथे भने ती विधिहरूसँग नबाँझिएको हुनाले तत्कालिन राजनैतिक व्यवस्थामा पनि तिनीहरू राजीखुशी रहेका थिए। हेर्नुहोस् लूका २:१-५मा तिनीहरूले रोमी शासनको आदेश कसरी स्वीकार गरे? "ती दिनमा कैसर अगस्टसले तिनको सारा साम्राज्यमा जनगणना लिनू भन्ने हुकुम जारी गरे। कुरेनियस सिरियाका हाकिम हुँदा यो पहिलो पल्टको जनगणना थियो। सबै जना नाउँ दर्ता गराउन आफ्नो-आफ्नो सहर गए। योसेफ पनि गालीलको नासरतबाट यहूदियाको बेथलेहेम भन्ने दाऊदको सहरमा गए, किनभने तिनी दाऊदका कुटुम्ब र वंशका थिए। नाउँ दर्ता गराउन तिनी आफूसँग मगनी भएकी मरियमलाई साथमा लिएर गए। मरियम गर्भवती थिइन्।"

विधिको शासन चलाउन लिखित रूपमा ऐनकानून वा व्यवस्था लेखेर चलाउनुपर्छ भन्ने रोमी सरकारको राज्यमा सुरूदेखि नै पहिचान गरेको थियो। समाजलाई संचालन गर्न लिखित नियम महत्त्वपूर्ण हुन्छ भनेर रोमी साम्राज्यका शासकहरूलाई थाहा थियो। यथार्थमा भन्ने हो भने रोमी साम्राज्यले नै स्थापना गरेको संवैधानिक व्यवस्था आजसम्म कतिपय स्वतन्त्र राष्ट्रहरूको कानूनी व्यवस्थाहरूको जग भएको हामी पाउँछौं।

रोमी साम्राज्यको अन्तर्गत साना साना राज्यहरू थिए। त्यहाँ भएका कतिपय स्थानिय संस्कारका नियमहरू पालन गर्न रोमले हस्तक्षेप गरेको थिएन। तर सबैलाई लागु हुने रोमका व्यवस्थाहरूलाई पालन गर्न रोमी साम्राज्यको मातहतमा रहेका राष्ट्रहरूबाट अपेक्षा गरिएको थियो। त्यो अपेक्षामा युशूफ र मरियम पनि परिएका थिए भनेर स्पष्ट देखाइएको छ।

समाजमा विधिको शासन होस् र त्यहाँ कोही पनि जथाभावी नचलोस् भनेर नै रोमी व्यवस्था चलाएको थियो। सरकारी कार्यालय वा शासन र सार्वजनिक स्थलहरूमा मानिसहरू कुनै पनि समस्याको समाधान गर्न रोमी व्यवस्था वा विधिलाई जिम्मा लगाइएको थियो। सरकार संचालन गर्न र त्यहाँ आशिन हुन उच्चपदस्थका मानिसहरूलाई चुन्न रोमी साम्राज्यले रोमी व्यवस्था प्रणाली अपनाइएको थियो। त्यस व्यवस्थामा सरकार संचालन गर्नमात्र होइन समाजलाई संचालन गर्न पनि मुलुकी ऐन बनाइएको थियो। परस्त्रीगमन, परपुरुषगमन र मालिक र दासको बीचमा हुनुपर्ने सम्बन्धको बारेमा पनि रोमी ऐनकानून थियो। कतिपय सामाजिक नीतिनियमहरू पुरानो करार र अरू समाजमा पनि भएको पाइन्छ।

नयाँ करारको पुस्तकमा वर्णन गरिएको संस्कृतिलाई बुझ्न, येशू र प्रारम्भिक चर्च त्यस्तो रोमी शासन राज्यमा रहेका थिए जहाँ संसारको निम्ति आफ्नै खालको राजनैतिक प्रणाली चलाएको थियो भनेर सम्झनु पर्छ। यदि त्यस समयको ऐतिहासिक र सांस्कृतिक वातावरणको पृष्ठभूमीको अध्ययन गरियो भने नयाँ करारमा घटेका विभिन्न घट्नाहरूलाई बुझ्न सक्छौं। (येशूको मृत्यु र पावललाई कैदी बनाएका केही उदाहरणहरू हुन्)। हुनत मुक्ति पाउन रोमी इतिहासको गहिऱ्याइमा गएर त्यसको विद्यार्थी हुनु आवश्यक छैन। तर केही हदमा रोमी इतिहासको बारेमा जानकारी भइयो भने कुन् ऐतिहासिक पृष्ठभूमीमा येशू रहनुभएको थियो भनेर बुझ्न सजिलो पर्दछ।

परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको योजनामा मरियम गर्ववती हुनुपर्ने समावेश भएको थियो तैपनि उनी र युशूफले त्यसबेलाको राज्यप्रणालीको विधिलाई पालन गरेका थिए। त्यस विधिमा एउटा आदेश थियो कि तिनीहरू आफूरहेको गाउँघर छोडेर पुर्खाको घरमा जानुपर्छ। त्यो पनि मरियमले बच्चा पाउनै लागेको बेलामा। मरियमको त्यस अवस्थाप्रति गम्भिर भएर आफ्नै घरमा तिनीहरू बसेपनि हुन्थ्यो नि। तर तिनीहरूले रोमी सरकारको हुकुम पालन गर्न राजी भए। त्यसले राष्ट्रको मुलुकी ऐन वा नागरिक विधिप्रति हाम्रो धारणा कस्तो हुनुपर्छ भनेर कसरी देखाउँछ? तिनीहरूले बहाना बनाएर आदेश पालन नगरेपनि त हुन्थ्यो नि तर त्यसो किन गरेन सोच्नुहोस्।

## २. मोशाको व्यवस्थाः सामाजिक अर्थात् मुलुकी ऐन (प्रेरित १८:१५)

येशूको पालामा यहूदीहरू रोमीको शासनमा थिए। तर तिनीहरूका आफ्ना रितिथिति, धर्म र संस्कृतिलाई आफूहरूले नै नियन्त्रण गरेका थिए (प्रेरित १८:१५ पढ्नुहोस्)। यहूदी व्यवस्थालाई चलन चल्तीमा ल्याउने आधिकारिक समूहलाई सानहिड्रिन भनिन्थ्यो। कहिलेकाहीँ तिनीहरूलाई धार्मिक परिषद भनेर पनि सम्बोधन गरिन्थ्यो (यूहन्ना ११:४७, प्रेरित ५:२७)। त्यस सानहिड्रिन दवा धार्मिक परिषमा ७१ जना सदस्यहरू हुन्थे। पूजारीहरू, एल्डरहरू अर्थात् धार्मिक स्थल संचालन गर्ने  अगुवाहरू र धर्मगुरूहरूबाट त्यस परिषदको निम्ति प्रतिनिधी चुन्थे। त्यसको मूल अध्यक्ष्यचाहीँ मुख्य पुजाहारी हुन्थ्यो। यहूदी रितिथिति, परम्परा अर्थात् मानिसले बनाएका नीतिनियमहरू र व्यवस्थाहरूको कारोबार गर्न सानहिड्रिन सर्वोच्च अदालत जस्तो काम गर्थ्यो।

मोशाले लेखेका पाँच पुस्तकहरूमा भएका स्थानिय नागरिक नियमहरूको आधारमा यहूदी व्यवस्था बसालिएको थियो। बाइबलको प्रथम् पाँच पुस्तकहरूको लेखक मोशा थिए। त्यसैकारण यहूदीका व्यवस्थाहरूलाई मोशाको व्यवस्था भनिन्थ्यो। जब सुरूमा परमेश्वरले मोशालाई व्यवस्था अर्थात् नागरिक नियमहरू दिनुभएको थियो त्यसबेला त्यस्तो शासनप्रणाली उहाँले इच्छा गर्नुभएको थियो जसको सर्वोच्च स्थानमा उहाँ होस् र मानिसहरूले उहाँका व्यवस्थाहरू पालन गरून्। येशू हुनुभएको वातावरणमा यहूदीहरू रोमी कानूनको अन्तर्गत थिए। तर यहूदीहरूको आफ्ना धार्मिक रितिथितिको मामिलामा आएका समस्याहरूलाई समाधान गर्न रोमी शासनले तिनीहरूलाई नै सुम्पिएको थियो। यहूदी धार्मिक परिषद अर्थात् सानहिड्रिनको क्रियाकलाप त्यसबेला अत्यन्त महत्त्वपूर्ण मानिन्थ्यो।

सरकारी कारोबारमा मोशाका व्यवस्थालाई चलनचल्ती ल्याएको विषयमा नयाँ करारले धेरै उदाहरणहरू प्रस्तुत गरेको छ। उदाहरणमा, यहूदी पुरूषहरूले मन्दिरको करस्वरूप आधा शेकेल  तिर्न अपेक्षा गरिएको थियो ((मत्ती १७:२४-२७, प्रस्थान ३०:१३)। मोशाले दिएकै नियमबमोजिम पारपाचुकेको नीति अवलम्बन गरिएको थियो (मत्ती १९:७, व्यवस्था २४:१-४)। त्यसबेलाको संस्कारलाई अङ्गाल्दै विधवीले आफ्नी श्रीमानको दाजुभाईलाई विवाह गर्ने नीति चलाईएको थियो (मत्ती

२२:२४, व्यवस्था २५:५)। आठौं दिनमा केटाहरूलाई अझै पनि खतना गरिन्थ्यो (यूहन्ना ७:२३, लेवी १२:३)। र वेश्याहरूलाई ढुङ्गाहरू हानेर सजायँ दिने चलन येशूको पालामा पनि चलेको थियो (यूहन्ना ८:५, व्यवस्था २२:२३,२४)।

ती बाहेक बाइबलमा अरू व्यवस्था वा नीतिनियमहरू पनि दिएका छन्। ती मध्ये न्यायिक र निश्पक्ष मामिला कसरी संचालन गर्ने भन्ने विधि पनि उल्लेखनीय मान्नुपर्छ। हेर्नुहोस् देहायका पदहरूः मत्ती २६:५९-६१ “अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। ६० धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्। आखिरमा दुई जना अगि आए, ६१ र भने, "यस मानिसले "म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु" भन्यो।" , हिब्रू १०:२८ “मोशाको व्यवस्थालाई उल्लङ्घन गर्ने मानिस दुई वा तीन साक्षीहरूका गवाहीमा दयाविना मर्नुपर्छ।" र व्यवस्था १७:२-६ “ परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने कुनै सहरमा तिमीहरूका बीचमा बस्ने कोही स्त्री वा पुरुषले अरू देवताहरू वा घाम-जून, वा आकाशका ताराहरूको सेवा-पूजाद्वारा परमप्रभु तिमीहरूका परमेश्वरको करार भङ्ग गरी ३ उहाँको नजरमा दुष्ट काम गरेको तिमीहरूले चाल पायौ भने, ४ तिमीहरूले त्यसको राम्ररी सोध-खोज गर्नुपर्छ। यदि यो सत्य रहेछ र यस्तो घृणित काम इस्राएलमा भएकै रहेछ भने, ५ यस्तो दुष्ट काम गर्ने पुरुष वा स्त्रीलाई सहरको मूल ढोकामा ल्याई ढुङ्गाले हानेर मार्नू। ६ मारिने व्यक्तिलाई दुई वा तीन साक्षीको गवाहीमा मात्रै मार्नू। एउटै साक्षीको गवाहीमा कसैलाई नमार्नू। ७ त्यसलाई मार्न साक्षीहरूले नै सबैभन्दा पहिले हात उठाऊन्। त्यसपछि अरू मानिसहरूले हात उठाऊन्। तिमीहरूले आफ्ना बीचबाट दुष्टतालाई खतम गर्नुपर्छ।"

बाइबलका प्रथम पुस्तकहरूमा दिइएका केही मुलुकी ऐन वा सामाजिक नियमहरू पढ्नुहोस्। कतिपय ती नियमहरू हाम्रो निम्ति नौलो हुनसक्छ (उदाहरणमा व्यवस्था २१)। ती नीतिहरू परमेश्वरले नै बनाउनु भएको थियो। कतिपय कुराहरूलाई हामीहरूले राम्रोसँग बुझ्न सक्दैनौं। कतिपय नियमहरू अहिलेको समाजमा चलनचल्तीमा ल्याउन

मनासिव नहोला यद्यपि सबै कुराहरूमा हामीले परमेश्वरमै भरोसा राखेर हिड्नुपर्छ भन्ने आत्मज्ञान कसरी सिक्ने?

## ३. मोशाको व्यवस्थाः धार्मिक रितिथितिको व्यवस्था (लेवीको पुस्तक १:१-९)

परमेश्वरकै निर्देशनमा तत्कालिन यहूदी जातिहरूलाई विभिन्न रितिथितिका नियमहरू मोशाले दिएका थिए। देहायका पदहरूले केही ती नियमहरू के हुन्, तिनीहरूका उद्देश्यहरू के हुन् र वर्तमान परिप्रेक्ष्यमा के ती नियमहरूबाट हामी के सिक्न सक्छौं जस्ता जिज्ञासाहरूको चिन्तन गरौंः लेवी १:१-९ “परमप्रभुले मोशालाई भेट हुने पालभित्रबाट बोलाएर भन्नुभयो, २ "इस्राएलीहरूलाई भन्ः "तिमीहरूमध्ये कुनै पनि मानिसले परमप्रभुको निम्ति बलि चढ़ाउँदा तिमीहरूको पशु-बलि गाई-गोरुको बथान अथवा भेड़ाबाख्राका बगालबाट त्यसले चढ़ाओस्। ३ "यदि त्यसको बलि गाई-गोरुको होमबलि हो भने, त्यसले निष्खोट बाछ्रोचाहिँ चढ़ाओस्। भेट हुने पालको ढोकामा त्यसले त्यो चढ़ाओस्, र परमप्रभुको सामुन्ने त्यो ग्रहणयोग्य हुनेछ। ४ त्यसले होमबलिको टाउकोमाथि आफ्नो हात राखोस्, र त्यो त्यसको प्रायश्चितको लागि ग्रहणयोग्य हुनेछ। ५ त्यसले त्यस बाछ्रालाई परमप्रभुको सामु काटेर मारोस्। अनि हारूनका छोराहरू, अर्थात् पूजाहारीहरूले रगत नजिक लगेर भेट हुने पालका ढोकाका सामुन्नेको वेदीमा वरिपरि छर्कून् ।६ त्यसपछि त्यसले होमबलिको छाला काढ़ेर त्यसलाई टुक्रा-टुक्रा गरी काटोस्। ७ पूजाहारी हारूनका छोराहरूले वेदीमा आगो लगाएर दाउराहरू सजाएर आगोमाथि राखून्। ८ हारूनका छोराहरू, अर्थात् पूजाहारीहरूले वेदीमाथिको आगोमा राखेका दाउरामाथि ती टुक्राहरू, टाउको र बोसो सजाएर राखून्। ९ त्यसले त्यसका आन्द्रा-भुँड़ी र खुट्टाहरूचाहिँ पानीले धोओस्, र ती जम्मैलाई पूजाहारीले वेदीमा जलाऊन्। यो परमप्रभुलाई मन पर्ने मीठो बास्ना, आगोद्वारा चढ़ाइएको बलि, अर्थात् होमबलि हो।", लेवी २:१४-१६ “‘परमप्रभुको निम्ति अगौटे फलहरूको अन्नबलि चढ़ाउने इच्छा भए, आफ्नो अगौटे फलहरूका अन्नबलिको निम्ति पिँधेका र आगोमा पिर्खलेका ताजा अन्नका बालाहरू चढ़ाउनू। १५ तिनमा तेल हाल्नू र धूप राख्नू। त्यो अन्नबलि हो। १६ अनि पूजाहारीले जम्मै धूपसँग तेल

र पिँधेको अन्नबाट केही भाग लिएर त्यो सम्झना स्वरूप भाग जलाऊन्। त्यो परमप्रभुको निम्ति अग्नि-होम हो'।", लेवी ५:११-१३ " 'तर दुई वटा ढुकुर कि परेवाका दुई वटा बचेरा ल्याउने पनि त्यसको औकात पुग्दैन भने, त्यसले जे कुरामा पाप गरेको हो, त्यसको निम्ति आफ्नो भेटी स्वरूप आधा पाथी मसिनो पीठो पापबलिको लागि ल्याओस्। त्यसले त्यसमा तेल वा धूप राख्नुहुँदैन, किनभने यो पापबलि हो। 12 त्यसले त्यो पूजाहारीकहाँ ल्याओस्। अनि पूजाहारीले त्यसबाट सम्झना स्वरूप एक मुट्ठी लिएर परमप्रभुको निम्ति अग्निहोममाथि वेदीमा जलाऊन्। यो पापबलि हो। 13 त्यसले ती कुरामध्ये जुनसुकै पनि विषयमा पाप गरेको छ, पूजाहारीले त्यसको निम्ति प्रायश्चित गर्नेछन्, र त्यसलाई क्षमा हुनेछ। बाँकी रहेको भेटीचाहिँ अन्नबलिझैं पूजाहारीको हुनेछ।"

पुरानो करारको समयमा यहूदीहरूको निम्ति विभिन्न सामाजिक नियमहरू थिए भनेर त्यसको केही अंशहरू हेऱ्यौं। त्यसको साथै त्यस समयमा विभिन्न धार्मिक रितिथितिका नियमहरू पनि थिए। परमेश्वरको पवित्र मन्दिर र त्यसमा हुने विभिन्न कार्यविधिमा आधारित ती धार्मिक रितिथितिहरू चलेका थिए। ती सबै धार्मिक व्यवस्थाले इस्राएलका सन्तानलाई मुक्तिको योजनाको बारेमा सिकाउन र आउने मसीहलाई औंल्याउन दिएका थिए। ती विभिन्न कार्यविधिले मानिसको पापको प्रायश्चित स्वीकार गरिएको भनेर माथिका पदहरूले देखाउँदछन्। खास गरेर ती बसालिएको परम्परा ख्रीष्टको बारेमा जनाइएको साना साना भविष्यवाणीहरू थिए। आफ्ना जनहरूको पापको निम्ति ख्रीष्टले कस्तो काम गर्नुहुन्छ वा गर्नुहुनेछ भनेर ती धार्मिक विधिहरूले औंल्याएका हुन्थे।

"धार्मिक विधिविधानहरू ख्रीष्टले नै दिनुभएको थियो। येशूको मृत्युभएपछि त्यसको औचित्य समाप्त भएको थियो। तर ती रितिथितिहरू यहूदीहरूको निम्ति कत्तिको महत्त्वपूर्ण थियो भनेर पावलले सिकाएका थिए। परमेश्वरले तयार गर्नुभएको मुक्तिको योजनामा ती विधिहरूको स्थान र ख्रीष्टको कामलाई ती विधिहरूले औंल्याउँछन् भनेर उनले देखाएका थिए। ती विधानहरू गरिमामय र महिमामय थिए र ख्रीष्टको निम्ति उल्लेखनीय थिए भनेर पावलले घोषणा गरेका थिए। भावी सन्तानहरूलाई महान् सत्यहरू सिकाउन पवित्र मन्दिरमा हुने विभिन्न

गम्भिर विधिहरू दिएका थिए।...त्यसकारण प्रथम् मसीहको आगमन नहुञ्जेल सयौं वर्षसम्म मानिसहरूको हृदयमा परमेश्वरप्रतिको आस्थालाई जीवित राखेका थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ३६७बाट रूपान्तरित।

विभिन्न धार्मिक रितिथितिहरू येशूले नै सुरू गर्नुभएको थियो। तर येशूको प्रथम् आगमनलाई औँल्याउन, उहाँको मृत्युलाई देखाउन र उहाँ मूल पुरोहितको कामलाई मानिसहरूले बुझ्नुन् भनेर त्यो धार्मिक व्यवस्था दिइएको थियो। जब यस संसारमा येशूको काम सम्पन्न भयो तब त्यो पुरानो वा धार्मिक परम्पराको आवश्यकता रहेको थिएन (हिब्रू ९:९-१२)। ती धार्मिक रितिथितिहरू आज हामीले पालन गर्दैनौं। तर त्यसको बारेमा अध्ययन गर्दा परमेश्वरले तयार गर्नुभएको मुक्तिको योजनाको बारेमा अझ बढि र सही ज्ञान हामीले पाउँछौं।

परमेश्वरको पवित्र मन्दिरमा हुने विभिन्न बली प्रथाहरू महत्त्वपूर्ण थिए। तिनीहरूले येशूको मृत्युलाई औँल्याउँथे। हाम्रो निम्ति ख्रीष्टले गर्नुभएको बलिदानले मात्र हामीहरूले मुक्ति पाउँछौं भन्ने कुरालाई सोच्नुहोस्। त्यसले पापको उच्च मोलको बारेमा के सिकाउँछ?

## ४. रब्बी अर्थात् धर्मगुरूहरूको निम्ति व्यवस्था (लूका १४:१-६)

मोशाको व्यवस्थाको साथै येशूको पालामा यहूदीहरूले धर्मगुरू रब्बीहरूको आफ्नै व्यवस्था वा नीतिनियमहरू थिए। ती रब्बी अर्थात् यहूदी धर्मगुरूहरू गहिरो चिन्तक थिए। तिनीहरू फरिसी अर्थात् यहूदी धर्मरक्षक भनेर कहलाइएको हुनाले तिनीहरू विद्वान पनि थिए। मानिसहरूमा मोशाका व्यवस्था महत्त्वपूर्ण होइरहोस् भनेर तिनीहरूले जिम्मा लिएका थिए। मानिसहरूले मोशाका व्यवस्थाहरू पालन गर्छ कि गर्दैन भनेर तिनीहरू चनाखो भएर हेर्दथे। मोशाको प्रथम् पाँच पुस्तकहरूमा भएका विभिन्न नीतिनियमहरूलाई गनेर ६१३ पुऱ्याएका थिए। तिनीहरूमा शबाथको मात्र ३९वटा पालन गर्नुपर्ने नियमहरू निकालेका थिए। रब्बीहरूले आफूले थपेका नीतिनियमहरूको आधार मोशाका ती व्यवस्था बनाएको थियो। लिखित व्यवस्थासँगै मौखिक व्यवस्था पनि तिनीहरूले थपेका थिए। ती लिखित र मौखिक व्यवस्थालाई वाख्या गर्ने काम धार्मिक समाजका अगुवा रब्बीहरूको हातमा थियो।

मौखिक नीतिनियमहरूलाई "हलाखा" (HALAKAH) भनिन्छ। त्यसको अर्थ "हिँड्नु" हो। यदि मानिसहरूले त्यस हलखाको पालन गरियो भने तिनीहरू ६१३ महत्त्वपूर्ण विधिहरू पालन गरिएको रब्बीहरूले ठहऱ्याउँथे। रब्बीहरूले निर्धारण गरेका हलखाहरू प्रायजसो चलनचल्तीमा ल्याएका नीतिनियमहरूबाट सुरू भएको थियो। पछि तिनीहरूलाई जम्मा गरेर धार्मिक शास्त्रको रूपमा लेखिएको थियो। येशूको समयमा वाख्या गरेका केही टिप्पणीहरू अहिले पनि पाइन्छ। त्यसलाई मिड्राश (MIDRASH) भनिन्छ। अरूहरू पनि छन् जुन कि त्यसलाई कानूनीको रूपमा लिइन्छ। त्यसलाई मिशनाह (MISHNAH) भनिन्छ। इतिहासभरी र आजपनि धेरै धार्मिक यहूदीहरू ती विधिहरूलाई कठोरतापूर्वक पालन गर्न प्रयास गरेको पाइन्छ।

शबाथको बारेमा येशू र ती धर्मगुरू रब्बीहरूसँग चर्काचर्की भएको हामी पाउँछौं। त्यस दिनमा येशूले बिमारीहरूलाई निको पार्नुभएकोले यहूदी धर्मको विधिलाई उलङ्घन गरेको भनेर येशूलाई आरोप लगाइएको थियो। तर शबाथ दिनमा बिमारीहरूलाई निको पार्नु पाप हो भनेर कहाँ लेखिएको छ र? त्यस विषयका विवादमा फस्दा येशूले केही जवाफ दिनुभएको थियो। त्यसबाट हामीले केही महत्त्वपूर्ण पाठ सिक्नु जरूरी छ किनभने हामी पनि येशूको बाटोमा हिँडिरहेको भन्दै ती धार्मिक यहूदी गुरू रब्बीहरूले गरेका भुलहरू हामीले पनि नदोहोऱ्याउँ। हेर्नुहोस् लूका १४:१-६ "एक शबाथ उहाँ फरिसीहरूका कुनै एक जना शासकको घरमा खान जानुभयो। फरिसीहरू उहाँको चेवामा बसिरहेका थिए। २ जलग्रह रोगले पीडित एक जना मानिस उहाँको सामुन्ने थियो। ३ येशूले व्यवस्थाका पण्डितहरू र फरिसीहरूलाई सोध्नुभयो, "शबाथमा निको पार्नु उचित छ, कि छैन? ४ तर तिनीहरू चूप लागिरहे, र उहाँले त्यस रोगीको शरीरमा हात राखी निको पार्नुभयो र त्यसलाई जान दिनुभयो। ५ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसले आफ्नो गोरु वा गधा शबाथ-दिनमा इनारमा खस्यो भने त्यसलाई झट्टै निकाल्दैन?" ६ अनि तिनीहरूले यस कुराको जवाफ दिन सकेनन्।" र यूहन्ना ९ "त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न

यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस
मानिसको जीवनमा प्रकट होस्। ४ मलाई पठाउनुहुनेका कामहरू
हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन।
५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।" ६ यी कुरा भनेर
उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका
आँखामा लगाइदिनुभयो। ७ अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ,
सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल।"
त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो। ८ त्यसका छिमेकीहरू र
त्यसलाई भीख मागेको देख्नेहरूले भने, "बसेर भीख माग्ने मान्छे के
यही होइन?" 9 कसै-कसैले भने, "यो त्यही हो।" अरूले भने, "होइन,
यो त्यहीजस्तो देखिन्छ।" त्यसले भन्यो, "म त्यही हुँ।" 10 तब
तिनीहरूले त्यसलाई सोधे, "तेरा आँखा कसरी खोलिए त?" 11 त्यसले
जवाफ दियो, "येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा
आँखामा लगाइदिएर मलाई भन्नुभयो, "सिलोआममा जाऊ र पखाल।"
तब गएर मैले पखालें, र म देख्ने भएँ।" 12 तिनीहरूले त्यसलाई भने,
"तिनी कहाँ छन् त?"त्यसले भन्यो, "म जान्दिनँ।" 13 अघि अन्धो हुने
त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए। 14 जुन दिन येशूले
माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-
दिन थियो। 15 फरिसीहरूले त्यसलाई सोधे, "तँ कसरी देख्ने
भइस्?"त्यसले तिनीहरूलाई भन्यो, "उहाँले मेरा आँखामा माटोको लेप
लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ।" 16 फरिसीहरूमध्ये
कुनै-कुनैले भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि
त्यसले शबाथ-दिन पालन गर्दैन।" तर अरूहरूले भने, "कसरी पापी
मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ?" र तिनीहरूका बीचमा फाटो
हुन गयो। 17 तिनीहरूले त्यस अन्धालाई फेरि सोधे, "उसले तेरा आँखा
खोलिदिएछ, अब उसको विषयमा तँ के भन्छस्?" त्यसले जवाफ दियो,
"उहाँ अगमवक्ता हुनुहुन्छ।" 18 दृष्टि पाउने मानिसका आमाबाबुलाई
बोलाएर नसोधुञ्जेल यहूदीहरूले त्यो अन्धो थियो र देख्ने भयो भनेर
विश्वास गरेनन्। 19 तब तिनीहरूले उनीहरूलाई सोधे, "के यो
तिमीहरूको छोरो हो जो अन्धो जन्मेको थियो भनी तिमीहरू भन्छौ? त
अब कसरी त्यो देख्न सक्ने भयो?" 20 त्यसका आमा-बुबाले
तिनीहरूलाई भने, "हामी जान्दछौ यो हाम्रो छोरो हो, र अन्धो जन्मेको

थियो। 21 तर अब यो कसरी देख्ने भयो हामी जान्दैनौं, अथवा यसका
आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं। यसको उमेर पुगेको
छ, यसैलाई सोध्नुहोस्। आफ्नो विषयमा त्यो आफै बोल्नेछ।" 22
त्यसका आमा-बुबाले यी कुरा भने, किनकि उनीहरू यहूदीहरूदेखि
डराउँथे। किनभने कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गर्‍यो भने,
त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी यहूदीहरू अघि नै सहमत भएका
थिए। 23 यसैकारण त्यसका आमा-बुबाले भने, "यसको उमेर पुगेको छ,
यसैलाई सोध्नुहोस्।" 24 तब तिनीहरूले त्यस अन्धो मानिसलाई दोस्रो
पल्ट बोलाएर भने, "परमेश्वरलाई महिमा दे। हामी जान्दछौं यो मान्छे
पापी हो।" 25 त्यसले जवाफ दियो, "उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न,
म जान्दिनँ। एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब
देख्दछु।" 26 तब तिनीहरूले त्यसलाई भने, "उसले तँलाई के गर्‍यो?
उसले तेरा आँखा कसरी खोलिदियो?" 27 त्यसले तिनीहरूलाई जवाफ
दियो, "मैले तपाईंहरूलाई अघि नै भनिसकें, तर तपाईंहरूले सुन्नुभएन।
अब फेरि किन सुन्न चाहनुहुन्छ? तपाईंहरू पनि उहाँका चेला हुन
चाहनुहुन्छ कि कसो?" 28 तिनीहरूले त्यसलाई गाली गर्दै भने, "तँ पो
उसको चेला होस्, तर हामी त मोशाका चेला हौं। 29 हामीलाई थाहा
छ मोशासँग परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन यो
मानिसचाहिँ कहाँको हो।" 30 त्यस मानिसले जवाफ दिई तिनीहरूलाई
भन्यो, "कस्तो विचित्र कुरो! उहाँ कहाँबाट आउनुभएको हो तपाईंहरू
जान्नुहुन्न, तर मेरा आँखा उहाँले खोलिदिनुभयो। 31 हामी जान्दछौं कि
परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको
इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नुहुन्छ। 32 संसार सुरु
भएदेखि यसो जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै
सुनिएन। 33 यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए उहाँले
केही गर्न सक्नुहुनेथिएन।" 34 तिनीहरूले त्यसलाई जवाफ दिई भने,
"तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ हामीलाई सिकाउन
चाहन्छस् ?"अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए। 35
तिनीहरूले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र
त्यसलाई भेट्टाएर भन्नुभयो, "के तिमी मानिसको पुत्रमाथि विश्‍वास
गर्दछौ?" 36 त्यसले जवाफ दिई भन्यो, "प्रभु, उहाँ को हुनुहुन्छ? म
उहाँमाथि विश्‍वास गर्नेछु?" 37 येशूले त्यसलाई भन्नुभयो, "तिमीले

उसलाई देखेका छौ, अनि तिमीसँग बोल्ने उही नै हो।" 38 तब त्यसले भन्यो, "प्रभु, म विश्वास गर्दछु" र त्यसले उहाँलाई दण्डवत् गऱ्यो। 39 अनि येशूले भन्नुभयो, "म न्यायको लागि यस संसारमा आएँ, कि नदेख्नेहरूले देखून् र देख्नेहरूचाहिँ अन्धा होऊन्।" 40 यी कुरा सुनेर उहाँका नजिकै हुने फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, "के हामी पनि अन्धा हौं त?" 41 येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अन्धा भए ता पापको दोषी हुनेथिएनौ, तर तिमीहरू "हामी देख्छौं" भन्दछौ, यसकारण तिमीहरूको पाप रहिरहन्छ।"

येशूको खिलाफमा प्रयोग गरेका हुनाले कतिपय ती मौखिक विधिहरू मूर्खतापूर्ण छन् भनेर सजिलैसँग अनुमान आज कति हामी गर्दछौं होला। तर ती विधिहरू आफैमा गलत नभएर त्यसलाई धार्मिक पण्डितहरूले नकारात्मक रूपमा वाख्या गरेको हुनाले त्यसलाई नकारात्मक रूपमा लिएको पाइन्छ। प्रायजसो हल्का नियमहरू गलत कारणको निम्ति पालन गरेको हुन्थ्यो। तर ती विधिहरू धेरै आध्यात्मिक थिए। दैनिक जीवनलाई आध्यात्मिक बनाउन ती विधिहरूले सघाउँथे। ती विधिहरू पालन गरेर तिनीहरू परमेश्वरमा नजिक भएको आभास पाउनुपर्थ्यो। त्यसकारण यहूदीहरूलाई ती हलखा विधिहरूले आफूहरू धार्मिक भएका आभास दिइन्थ्यो।

हाम्रो दैनिक जीवनमा सानोतिनो वा सरल काम गर्दापनि त्यसलाई विशेष गरेर आत्मिक रूपमा अर्थमूलक कसरी बनाउने?

## ५. नैतिक व्यवस्था (दश आज्ञाहरू) (मत्ती १९:१६-१९)

आफूहरू धार्मिक राज्यका बासिन्दाहरू भनेर दावी गरेतापनि यहूदीहरू रोमी कानूनको दायरमा बस्नुपर्थ्यो। मोशाको व्यवस्था र धार्मिक पण्डित रब्बीहरूका व्यवस्थाले प्रथम् शताव्दीका इस्राएलीहरूलाई धेरै प्रभाव पारेका थिए। कतिपय मानिसहरू जो इस्राएलको धर्मलाई पालन गर्थे तिनीहरू प्यालेस्टाइन र रोमी साम्राज्यको सिमाना बाहिर रहन्थे। त्यसले गर्दा इस्राएलका रब्बीहरूले निर्धारण गरेका कतिपय मौखिक विधिहरूले तिनीहरूको जीवनमा त्यस्तो प्रभाव पारेको हुँदैनथ्यो। तर जो कोही यहूदी वा इस्राएलको परमेश्वरको उपासक हुँ भनेर दावी गर्दथ्यो उसलेचाहिँ दश आज्ञामा चल्दथ्यो।

"इस्राएलीहरूलाई दश आज्ञाले परमेश्वरको नीतिमा चलेको छ र आत्मिक सम्बन्ध राखिएको छ भनेर देखाउँथ्यो। परमेश्वर र मानिसको बीचमा भएको सम्बन्धलाई चित्रण गर्ने शब्दलाई बाइबलले कभनान्ट अर्थात् करार भनिन्छ। तर यो गलत धारणा हुन्छ जब ती दश आज्ञाहरू इस्राएलीहरूले परमेश्वरप्रति देखाउने केवल धर्म वा कर्तव्यको सार हुन् भनेर निश्कर्ष निकाल्छौं। मानिसहरूले परमेश्वरको इच्छामा आत्मसमर्पण गरेको छ भनेर देखाउन मात्रै इस्राएलीहरूले ती दश आज्ञा पालन गरेका थिएनन्। तर मानिसहरूले परमेश्वरप्रति प्रेम र भक्तिभाव देखाउने प्रमाण नै ती दश आज्ञाहरू थिए।"-लेस्ली जे. होप, "टेन कमान्डमेन्टस्" *इरडमन्स डिक्सेनरी अभ द बाइबल* (ग्रान्ड रापिड, मिसिगनः इरडिमन्स, २०००), पृ. १२८५बाट रूपान्तरित।

प्रथम् शताव्दीको यहूदीहरूको निम्ति दश आज्ञाहरू कुनै पनि व्यवस्था, नीतिनियम, आचारसंहिता वा कानूनभन्दा माथि थिए। परमेश्वर र मानिसको बीचमा सम्बन्ध राख्न सिकाउन कतिपय नियम वा नीतिहरू होला तर तत्कालिन यहूदीहरूको हृदयमा दश आज्ञाले सर्वोच्च स्थान लिएको हुन्थ्यो। फरिसी पण्डितहरूले दश आज्ञा समेत गरेर मोशाका ६१३ विधिविधानहरू कण्ठ गरेका हुन्थे। तर ती ६१३ विधिविधिहरूभन्दा दश आज्ञाको गरिमामय विशेष थियो भनेर तिनीहरूले मानेका थिए। मिसनाहको एक भाग टामिड (**TAMID**) (५:१) हो। दैनिक रूपमा रब्बीहरूले उच्चारण गर्नुपर्ने पाठ टामिड हो र त्यसमा दिनदिनै दश आज्ञाहरू उच्चारण गर्नुपर्छ भनेर तिनीहरूलाई आदेश दिइएको थियो। सबै विधिविधान वा व्यवस्थाको मूल सार दश आज्ञा नै हो भनेर धार्मिक गुरूहरूले ठहऱ्याइएका थिए। येशूको जीवनकालमा फिलो भन्ने एक यहूदी दार्शनिक थियो। बाइबलमा भएका सबै नीति वा व्यवस्थाहरूमा दश आज्ञाहरू कसरी सर्वोपरी वा उच्चतम् महत्त्व छन् भनेर उनले विशेष पुस्तक तयार गरेको थियो।

कतिपय इसाईहरूले आज पनि येशूको मृत्युपछि दश आज्ञाहरूको औचित्य समाप्त भयो भनेर दावी गरेको पाइन्छ। तर येशूका भक्त हौं भनेर दावी गर्नेहरूको जीवनमा दश आज्ञाहरूलाई आत्मसात् गर्नु कतिको महत्त्व छ भनेर नयाँ करारमा जतातत्तै झल्काएको पाइन्छ। ती मध्ये केही पदहरू यहाँ दिइएका छन्, हेर्नुहोस्ः मत्ती १९:१६-१९ "उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु,

मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?" १७ उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।" १८ तिनले उहाँलाई भने, "कुन-कुनचाहिँ?"येशूले भन्नुभयो, "तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू।१९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।" ,रोमी १३:८-१० "आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ। ९ "तैंले व्यभिचार नगर्, तैंले हत्या नगर्, तैंले चोरी नगर्, तैंले लोभ नगर्, " यी आज्ञाहरूबाहेक, र अरू जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात् "तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्। १० प्रेमले छिमेकीको खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो। " र याकूब २:८-१२ " यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। 9 यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ। 10 किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। 11 किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। 12 यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्।"

**जसरी पुरानो करारका लेखकहरूले दश आज्ञाहरूको गरिमामय स्थानलाई विश्वासीहरूको जीवनमा उच्च स्थान दिएका थिए, त्यसरी नै परमेश्वरबाट प्रेरित नयाँ करारका लेखकहरूले पनि परमेश्वरका जनहरूको निम्ति दश आज्ञाको उदेश्यलाई मानेका थिए। तत्कालिन केही विभिन्न विधिविधान प्रणालीलाई येशूले कसरी सम्हाल्नुभयो भनेर यस अध्ययन पुस्तिकामा हेर्नेछौं। तर दश आज्ञा जसलाई नैतिक आचारसंहिता वा व्यवस्था भनेर सम्बोधन गरिन्छ त्यसप्रति येशूको धारणा कस्तो थियो भन्ने विषयवस्तु यस अध्ययनमा समेट्नेछौं।**

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित टेस्टिमोनिज फर द चर्च, ठेली १को पृ. २०१-२०४को “ओथ टेकिङ्ग" पढ्नुहोस्।

“यदि आदमले दश आज्ञा अर्थात् परमेश्वरको व्यवस्थालाई उलङ्घन नगरेको भए विभिन्न धार्मिक रितिथितिहरूको आवश्यकता कहिलै पनि हुनेथिएन। शुभ समाचारको सुसमाचार पहिलो पल्ट आदमलाई दिइएको थियो जब परमेश्वरले भन्नुभयो स्त्रीको सन्तानले सर्पको टाउको कुच्चिने छ (उत्पत्ति ३:१५)। त्यो सन्देश नोआ, अब्राहम र मोशासम्म विभिन्न पुस्ताहरूबाट दिइएको थियो। परमेश्वरको विधिको ज्ञान वा व्यवस्था र मुक्तिको योजनालाई आदम र हव्वालाई ख्रीष्ट आफैले दिनुभएको थियो। त्यस सन्देशलाई आदम र हवाले होशियारपूर्वक हृदयमा राखेका थिए र तिनीहरूको मुखारबाट तिनीहरूको सन्तानलाई सिकाइएको थियो।अनि तिनीहरूको सन्तानबाट पछि आएका सन्तानहरूलाई त्यो ज्ञान सिकाइएको थियो। त्यसरी परमेश्वरको व्यवस्था वा दश आज्ञाको आत्मज्ञान पुस्तौं पुस्तासम्म हस्तारन्तर गरिएको थियो।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* पुस्तक १, पृ. २३०बाट रूपान्तरित।

## चिन्तनमननः:

अ. इस्राएलीहरू अध्यात्मिक र सामाजिक रूपमा सुव्यवस्थित ढँगले चलोस् भनेर मोशाले परमेश्वरले दिनुभएको विधिविधानहरू लेखेका थिए। त्यो भन्दा पहिले पनि मीश्रदेश र बेबिलोनमा पनि विधिविधानहरू थिए जुन् परमेश्वरले दिनुभएको विधिसँग केही हदसम्म मिल्दथ्यो। परमेश्वरलाई विश्वास नगर्ने संसारका देशहरूमा पनि किन नहोस् मानिसहरू र तिनीहरूको सम्पत्तीलाई सुरक्षा गर्न कानूनहरू भएको पाइन्छ। विधानहरू प्रायजसो नैतिक धारणाहरूको आधारमा बनाइएको हुन्छ। कुनै खराब नगर्न र असल गर्न मानिसहरूलाई सिकाउन नैतिक नियमहरू बनाइएको हुन्छ। तर कुन् खराब कुन् असल छ भन्ने धारणा विभिन्न समाजले कहाँबाट पाउँछ?

यदि सृष्टिकर्ता र पालनहार परमेश्वरनै छैन भने असल र खराबको ज्ञान कहाँबाट आउँछ? परमेश्वर नै छैन भने कुन ठाउँमात्र छ जहाँ के असल र के खराब भन्ने नीति आउन सक्दछ?

**आ.** "नीति" वा "नियम" भन्ने धारणालाई विभिन्न तरिकाहरूबाट प्रयोग गर्दछौं। गुरुत्वाकर्षण वा भौतिक विज्ञानमा चल्ने नियमअनुसार भनेर हामी सम्बोधन गर्छौं। अन्तराष्ट्रिय कानून भनेर पनि हामी छलफल गर्छौं। भुमीको ऐन कानून, करको नियम आदिको चर्चा गर्छौं। के ती नियमहरू सबै एउटै हुन त? तिनीहरूमा के के फरक छन्? ती नियमहरूका कुनै एक तोड्दा के नतिजा हुन्छ? ती नियम अनुसार चल्दा के फाइदा हुन्छ? ती नियमकानूनहरूले विश्वासीहरूको जीवनमा परमेश्वरको दश आज्ञाहरूको उद्देष्य कसरी बुझाउँछन्?

**इ.** बाइबलमा दिएका नीतिनियम वा विधिहरूभन्दा बाहिर विधिहरू राखेर येशूको पालामा जस्तै धर्मका अगुवाहरूले गरेका भूलहरू हाम्रो चर्चले पनि नगर्न कसरी सतर्क हुने? राम्रै नियत भएतापनि त्यस्ता नियमहरू बनाउँदै भूल गर्ने बानी किन सजिलो हुनसक्छ?